# स्थानीय राजपत्र

चामुण्डाविन्द्रासैनी नगरपालिकाद्धारा प्रकाशित

खण्ड ६ (संख्या १६) चैत्र २६२२ गते २०८०


स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम चामुण्डाविन्द्रासैनी नगरपालिकाको नगर कार्यपालिकाले बनाएको देहाय बमोजिमको निर्देशिका सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

भाग–२

## बाल क्लब तथा सञ्जाल गठन र सहजीकरण निर्देशिका, २०८०

स्वीकृत मिति :२०८०/०५/२९

**प्रस्तावना**

नेपालको संविधानको धारा १७ को स्वतन्त्रताको हक अन्तर्गत उपधारा २ (घ) अनुसार संघ र संस्था खोल्ने स्वतन्त्रता धारा ३९ मा बालबालिकाको हक अन्तर्गत उपधारा ३ बमोजिम प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ भन्ने कुरालाई आत्मसात गर्दै, बालबालिका सम्बन्धी ऐन २०७५ को दफा १० अनुसार संस्था खोल्ने र शान्तिपूर्ण भेला हुने अधिकार अन्तर्गत "प्रत्येक बालबालिकालाई बाल अधिकारको संरक्षण र प्रवर्द्धन गर्नका लागि बाल क्लब वा संस्था खोल्ने वा शान्तिपूर्वक भेला हुने अधिकार हुनेछ" भन्ने कुरालाई चामुण्डाबिन्द्रासैनी नगरपालिकाले आ नो क्षेत्रमा अवलम्बन गरेको छ। बालबालिकाको सहभागिताको अधिकार तथा नागरिकहरूको स□ठन स्वतन्त्रता र शान्तिपूर्ण भेला हुन पाउने अधिकारको व्यावहारिक कार्यान्वयनमा सहयोग पुर्‍याउन स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को मातहतमा रही नगरपालिकाद्वारा बाल क्लब तथा सञ्जाल गठन र सहजीकरण निर्देशिका २०८० स्वीकृत गरी लागू गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ,**

(क) यस निर्देशिकाको नाम "बाल क्लब तथा सञ्जाल गठन र सहजीकरण निर्देशिका, २०८०" रहने छ।

(ख) यो निर्देशिका चामुण्डाबिन्द्रासैनी नगरपालिकाबाट स्वीकृत गरी अधिकार प्राप्त अधिकारीले प्रमाणित गरेको मिति देखि लागू हुनेछ।

**२. परिभाषा,** विषय प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकाको प्रयोजनका लागि निम्न परिभाषा कायम गरिएको छ :

(क) "बालबालिका" भन्नाले १८ वर्ष उमेर पूरा नगरेका सबै व्यक्तिहरूलाई सम्झनु पर्दछ।

(ख) "सेवा प्रदायक" नेपाल सरकार अन्तर्गत स्थानीय तहमा सेवा प्रवाह गर्नका लागि इकाईका





रूपमा रहेका स्वास्थ्य, शिक्षा, महिला तथा बालबालिका, सामाजिक विकास, पशु सेवा, कृषि सेवा, प्रहरी चौकी तथा गैरसरकारी संघ-संस्थाहरूलाई सम्झनु पर्दछ।

(ग) "बाल क्लब" भन्नाले यस निर्देशिका बमोजिम गठन भई वडा बाल अधिकार समितिमा सूचीकृत भएका १८ वर्षभन्दा कम उमेरका बालबालिकाहरूको स□ठनलाई जनाउने छ।

(घ) "बाल सञ्जाल" भन्नाले यस निर्देशिका बमोजिम गठन भएका बाल क्लबहरूको वडा र पालिका स्तरको सञ्जाललाई जनाउने छ।

(ङ) "विशिष्टीकृत बाल क्लब" भन्नाले विश्वव्यापी प्रचलनमा रहेका नियम तथा नेपाल सरकारका विशिष्टीकृत निकायले विशिष्ट उद्देश्यले निर्माण गरेका समूहहरू जस्तै जुनियर रेडक्रस, स्काउट जस्ता विशेष समूहलाई जनाउदछ।

(च) "सहजकर्ता" भन्नाले बाल क्लबको गठन तथा सञ्चालनका लागि यस निर्देशिका बमोजिम नियुक्त व्यक्तिलाई जनाउदछ।

(छ) "सहयोगी संस्था" भन्नाले स्थानीय तहमा बाल क्लबलाई सहयोग गर्ने तथा बाल सहभागिताका विभिन्न कार्यक्रमहरू सञ्चालन गरिरहेका अनुमतिप्राप्त गैरसरकारी संस्थाहरूलाई जनाउदछ।

(ज) "सामाजिक परिचालक" भन्नाले स्थानीय तहमा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम सञ्चालन गर्न नियुक्त सामाजिक परिचालकलाई जनाउदछ।

(झ) "संरक्षक शिक्षक" भन्नाले विद्यालयमा बाल क्लबलाई सहयोग तथा सहजीकरण गर्न तोकिएको शिक्षकलाई जनाउदछ।

(ञ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्दछ।

(ट) "स्थानीय सरकार सञ्चालन ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ सम्झनु पर्दछ।

(ठ) "बालबालिका सम्बन्धी ऐन" भन्नाले संघीय सरकारले जारी गरेको बालबालिका सम्बन्धी ऐन २०७५ लाई सम्झनु पर्दछ।

(ड) "निर्देशिका" भन्नाले चामुण्डाबिन्द्रासैनी नगरपालिकाले जारी गरेको बाल क्लब तथा सञ्जाल गठन र सहजीकरण निर्देशिका २०८० सम्झनु पर्दछ।

(ढ) "स्थानीय बाल अधिकार समिति" भन्नाले बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६० ले दिएको अधिकार अनुसार यस चामुण्डाबिन्द्रासैनी नगरपालिकामा गठन गरिएको पालिकास्तरीय समितिलाई सम्झनु पर्दछ।

(ण) "वडा बाल अधिकार समिति" भन्नाले चामुण्डाबिन्द्रासैनी नगरपालिकाको स्थानीय बाल अधिकार समिति तथा वडा बाल अधिकार समिति सञ्चालन कार्यविधि २०८० बमोजिम गठन भई वडा स्तरमा सञ्चालनमा रहेको समितिलाई सम्झनु पर्दछ।

(त) "बाल कल्याण अधिकारी" भन्नाले बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६१ तथा कार्यविधि अनुसार तोकिएको वा नियुक्त गरिएको व्यक्तिलाई सम्झनु पर्दछ।

(थ) "बालमैत्री स्थानीय शासन समिति" भन्नाले बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ बमोजिम गठन भएको समितिलाई सम्झनु पर्दछ।

(द) "बालकोष" भन्नाले चामुण्डाबिन्द्रासैनी नगरपालिकाले स्वीकृत गरेको बालकोष सञ्चालन कार्यविधि २०८० बमोजिम स्थापना गरी कार्यान्वयनमा रहेको कोष सम्झनु पर्दछ।

**३. निर्देशिकाको उद्देश्य,**

(क) बालबालिकाको सहभागिताको अधिकारलाई सुनिश्चितता गर्ने,

(ख) बालबालिकाको स्वतन्त्रता र सहभागिताको अधिकारलाई व्यवस्थित र प्रभावकारी कार्यान्वयन गर्ने,

(ग) बाल क्लबको गठन, सञ्चालन तथा सहभागितालाई अर्थपूर्ण, नैतिक, सुरक्षित, पारदर्शी तथा समावेशी बनाउने,
(घ) बालमैत्री स्थानीय शासनको प्रभावकारी कार्यान्वयनमा टेवा पुऱ्याउने,
(ङ) बाल क्लबहरूलाई एकद्वार प्रणालीमार्फत् क्रियाशील गरी बाल सहभागिताको सुनिश्चितताताका लागि सहयोग गर्ने र,
(च) सबै बाल क्लब तथा सञ्जालहरूको गठन, क्षमता विकास र परिचालनमा एकरूपता ल्याउने ।

**४. निर्देशिकाको कार्यान्वयन देहाय अनुसार हुनेछ,**

(क) चामुण्डाबिन्द्रासैनी नगर पालिकामा बाल क्लब तथा सञ्जाल गठन र सहजीकरणका लागि यस निर्देशिका बमोजिम गर्नुगराउनु स्थानीय सरकारको दायित्व हुनेछ ।
(ख) बाल सहभागिता तथा बाल क्लब सहजीकरणमा क्रियाशील राष्ट्रिय तथ अन्तराष्ट्रिय गैरसरकारी संस्था तथा विकासका साझेदारहरूले यस निर्देशिकाको अवलम्बन गर्नुगराउनु उनीहरूको जिम्मेवारी हुनेछ ।

**५. बाल क्लब गठन प्रक्रिया बाल क्लबका किसिम,**

चामुण्डाबिन्द्रासैनी नगरपालिकामा बाल क्लब सामान्यताया ४ प्रकारका हुनेछन् र गठन भएका बाल क्लबहरू वडा कार्यालयमा आबद्ध भएका हुनेछन् ।

क) समुदायमा आधारित बाल क्लबहरू :

- कुनै निश्चित भूगोलभित्रका बालबालिकाहरूलाई समेटेर वा निश्चित भौगोलिक क्षेत्रलाई कार्यक्षेत्र बनाएर गठन भएका बाल क्लबलाई समुदायमा आधारित बाल क्लब भनिने छ ।
- चामुण्डाबिन्द्रासैनी नगर पालिकाको प्रत्येक वडाहरूको टोल, बस्ती, वडाभित्र बाल क्लब गठन गर्न सकिने छ ।

- बाल क्लबले सम्बन्धित भूगोलभित्रका सबै उमेर लैङ्गिक पहिचान, जाती, आर्थिक हैसियत तथा शारीरिक अवस्थाका बालबालिकाहरूलाई समेट्ने र उनीहरूको उचित प्रतिनिधित्व तथा सहभागिता हुने सुनिश्चितता गरिनु पर्नेछ । साथै बाल क्लबमा बालक र बालिकाहरूको अवस्था हेरी पचास-पचास प्रतिशतको सहभागिता रहने छ साथै अपाङ्गता भएका बालबालिकाको सहभागितालाई प्राथमिकता दिइनु पर्नेछ ।
- बाल क्लबमा सम्बन्धित क्षेत्रभित्र बसोबास भएको बालबालिका मात्र सदस्य बन्न सक्नेछन् ।
- समुदाय स्तरीय बाल क्लबको संरचना अनुसूची १ मा उल्लेख गरे अनुसार हुनेछ ।

ख) विद्यालयमा आधारित बाल क्लब

- यस चामुण्डाबिन्द्रासैनी नगरपालिकाका विद्यालयमा अध्ययनरत बालबालिकाहरूलाई समेटेर उक्त विद्यालयभित्र बाल अधिकार अनुगमन तथा प्रवर्द्धन गर्न विद्यालयस्तरीय बाल क्लब गठन गरिने छ जसलाई विद्यालयमा आधारित बाल क्लब भनिने छ ।
- विद्यालयमा आधारित बाल क्लबहरूले सबै जातजाती, कक्षा, लैङ्गिक पहिचान र शारीरिक हैसियतका बालबालिकाहरूको उचित प्रतिनिधित्व र सहभागिता सुनिश्चितता गर्नु पर्दछ ।
- यसरी बन्ने बाल क्लबमा सदस्य बन्नका लागि सम्बन्धित बालबालिका उक्त विद्यालयमा भर्ना भई अध्ययनरत हुनु पर्दछ ।
- विद्यालयमा आधारित बाल क्लबको संरचना अनुसूची २ मा उल्लेख गरे अनुसार





हुनेछ ।

ग) विशिष्टीकृत बाल क्लब

- चामुण्डाबिन्द्रासैनी नगरपालिकामा पनि अन्तर्राष्ट्रिय रूपमा नै स्थापित स्वयंसेवा अभियान तथा संगठनहरू, नेपाल सरकारका विशिष्टीकृत निकायले विशेष प्रकृतिका आफ्नो संस्थागत बाल क्लब गठन गर्न सक्नेछन्‌हु जस्तैः- जुनियर रेडक्रस सर्कल, स्काउट आदि ।
- विशिष्टीकृत बाल क्लबहरूको गठन र व्यवस्थापन विधि स्वयं यसका महासंघ, संरक्षक निकाय तथा स्थापित मान्यताा र विधानहरूबाट सञ्चालित हुनेछन् ।

घ) बाल क्लब सञ्जाल

- यस चामुण्डाबिन्द्रासैनी नगरपालिकाका प्रत्येक वडाहरूमा त्यस वडामा रहेका सूचीकृत समुदायस्तरीय बाल क्लब, विद्यालयस्तरीय बाल क्लब, विषयगत र विशिष्टीकृत बाल क्लबका रूपमा गठित बाल क्लबहरूको आम भेला गराई वडास्तरीय बाल सञ्जालको गठन गरिने छ ।
- वडास्तरीय बाल सञ्जालहरूको आम भेला गराई पालिकास्तरीय बाल क्लब सञ्जालको गठन गरिने छ ।

**६. बाल क्लब गठनका लागि प्रक्रिया**

क. सामान्यताया समुदायस्तरीय बाल क्लब गठन गर्दा २५ जना वा सोभन्दा बढी बालबालिकाहरूको भेला भई यस नगरपालिका कुनै निश्चित विषय वा क्षेत्रका बालबालिकाका सरोकारका क्षेत्रमा कार्य गर्ने तथा उक्त क्षेत्रमा बाल अधिकारको प्रचारप्रसार र अनुगमन गर्न गठन गरिएको समूहलाई नै बाल क्लब मानिने छ ।
ख. सबै बाल क्लबहरू सम्बन्धित वडामा अनिवार्य सूचीकृत र नवीकरण गरिएका हुनुपर्नेछ । प्रत्येक वडाभित्र रहेका बाल क्लबहरू वडा बाल अधिकार समिति र वडाले सूचीकृत भएका बाल क्लबहरूको अभिलेखीकरण स्थानीय बाल अधिकार समितिमा पठाउनु पर्नेछ। विद्यालयस्तरीय बाल क्लब गठन गर्दा कक्षा १ देखि माथिका बालबालिकाहरूको उपस्थितिमा बाल क्लब गठन गरिने छ । आवश्यकता अनुसार वर्ष ५ देखि ११ वर्षको एउटा बाल क्लब र १२ वर्षदेखि १८ उमेर समूहको फरक-फरक बाल क्लबको गठन गर्न सक्नेछन् । विभिन्न उमेर र विषयगत बाल क्लबहरू र सोही बाल क्लब अन्तर्गत उप-समूहका रूपमा क्रियाशील रहन सक्नेछन् ।
घ. समुदाय स्तरमा समुदायको आवश्यकता अनुसार बाल क्लब गठन गर्दा ८ वर्षदेखि १८ वर्ष उमेर समूहका बालबालिकाहरूको सहभागिता रहने छ ।
ङ. समुदायमा आधारित बाल क्लब गठन गर्न चाहने जो-कोहिले पनि बाल क्लब गठन गर्ने औचित्य र कारणहरूसमेत स्पष्ट पारी न्यूनतम पनि ५ दिन अगाबै सम्बन्धित समुदायका बालबालिका तथा अभिभावकहरूलाई खुला सूचना दिनु पर्नेछ ।
च. यसरी दिइने सूचना सरल नेपाली भाषामा र आवश्यकता अनुसार स्थानीय भाषाहरूमा समेत दिनु पर्नेछ ।
छ. सूचना उपलब्ध गराउने विधिमा स्थानीय सामुदायिक भवन, वडा कार्यालय, नागरिक सूचना केन्द्र, सामुदायिक सहकारी तथा बचत समूहका कार्यालयहरू, उपभोक्ता समितिका कार्यालय भवन, प्रहरी चौकी, स्वास्थ्य चौकी, विद्यालय र पहुचमा आएका बालबालिकाहरूलाई मौखिक रूपमा भेलाका लागि जानकारी दिन सकिने छ ।
ज. बाल क्लब गठन गर्ने भेलामा न्यूनतम पनि २५ जना बालबालिकाहरूको उपस्थिति हुनु पर्नेछ

।

झ. बाल क्लबको गठन गर्ने भेलामा बालबालिकाका लागि सहज पहुाच भएको र सुरक्षित स्थानीय सार्वजनिक स्थल वा भवनहरूमा आयोजना गरिनु पर्दछ ।

ञ. गठन पूर्व बाल अधिकारको अवधारणा, बाल सहभागिताको अधिकार, बाल सहभागितामा नेपालका नीतिगत व्यवस्थाहरू, स्थानीय तहमा बाल क्लब गठन गर्नुको कारण र योजना, बाल क्लबको मुख्य उद्देश्य र कार्यक्रमहरूका बारेमा जानकारी दिनु पर्नेछ। अभिमुखीकरण तथा जानकारीहरू सरल र बालबालिकाले बुझ्ने भाषामा सम्प्रेषण गरिनु पर्दछ। बहुसंख्यक सहभागीले नेपाली भाषा नबुझ्ने अवस्थामा भने स्थानीय भाषामा अभिमुखीकरण र छलफल चलाउनु पर्नेछ।

ट. भेलामा सहभागी सबै वयस्क तथा बालबालिकाहरूको छुट्टाछुट्टै उमेर, जातजाती र लैंिक पहिचान समेत जनाउने गरी उपस्थिति गराउनु पर्नेछ ।

ठ. विद्यालयमा आधारित बाल क्लब गठन गर्दा विद्यालयभित्र सबै कक्षामा सूचना प्रदान गरिनु पर्दछ। भेलाको आयोजना विद्यालय परिसरभित्रै प्रधानाध्यापक, तोकिएको शिक्षक वा व्यवस्थापन समितिका अध्यक्षको उपस्थितिमा गरिनु पर्नेछ ।

ड. विषयगत बाल क्लब गठन गर्दा स्थानीय समुदायमा वा विद्यालय जहाा गठन गर्ने हो त्यसै अनुरूप सूचना गर्ने र भेलाको आयोजना गरिनुपर्नेछ ।

## ७. नेतृत्व चयन

क) बाल क्लब र समूहको गठन

१. बाल क्लब गठन गर्दा भेलामा सहभागी बालबालिकाहरूको सहमति भएमा बाल क्लबको नेतृत्व चयन गरिनु पर्नेछ ।

२. बाल क्लबको नेतृत्वका लागि सहमति नजुटेमा तल उल्लिखित मध्ये कुनै एक विधिबाट चयन गर्न सकिने छ। कुन विधिबाट चयन गर्ने भन्ने निर्णय स्वयं उपस्थित बालबालिकाहरू माझ छलफल गरी तय गरिनु पर्नेछ :

**बहुपदीय नेतृत्व :**

बाल क्लबमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सह-सचिव, कोषाध्यक्ष तथा विषयगत संयोजकहरू तय भएको नेतृत्व ।

**चक्रीय नेतृत्वः**

बाल क्लबमा निश्चित संख्यामा कार्यसमिति सदस्य बन्ने। कार्यसमितिबाट एक अध्यक्ष र सचिव तोक्ने। अर्को बैठकमा कार्यसमिति सदस्य मध्येबाट नयाा अध्यक्ष र सचिव हुने र यही प्रक्रिया आगामी बैठकहरूमा दोहोरिदै जाने ।

३. बाल क्लबको कार्यसमिति संख्या ९ देखि २१ सदस्यीय सम्म बनाउन सकिने छ।

४. बाल क्लबले आवश्यता अनुसार उपसमितिहरू गठन गरी कार्यक्रमहरू गर्न सक्छन्। बाल क्लबका उप-समितिमा ३ देखि १५ जनासम्म सदस्य बन्न सक्ने छन्।

५. बाल क्लबको नेतृत्वमा उपलब्ध भएसम्म ५० प्रतिशत बालिका, ३० प्रतिशत दलित, ५ प्रतिशत अपाङ्गता भएका सदस्यहरूका लागि सिट संख्या आरक्षित गरिएको हुनु पर्नेछ।

६. एकै बालक वा बालिका दुई वा सोभन्दा बढी बाल क्लबको नेतृत्वमा बस्न पाइने छैन। तर, बाल क्लबका नेतृत्वमा रहेको सदस्य सञ्जालको नेतृत्वमा भने बस्न पाउने छ।

७. समुदायमा आधारित बाल क्लबको नेतृत्व न्यूनतम प्रत्येक २ वर्षमा परिवर्तन हुन पर्दछ भने





विद्यालयमा आधारित बाल क्लबको नेतृत्व परिवर्तन हरेक वर्ष हुनु पर्दछ ।

८. एकै व्यक्ति बाल क्लबको एउटै पदमा दुई कार्यकाल भन्दा बढी समय बस्न हुादैन ।

९. बाल क्लबका सदस्य बीचमा नेतृत्व चयनका सन्दर्भमा विवादहरू आएमा निम्न अभ्यासहरू गर्नु पर्नेछ :

- नेतृत्व गर्न चाहने सदस्यले आफूले बाल क्लबलाई कसरी सक्रिय र बलियो बनाउने भन्ने विषयमा अर्को सदस्यप्रति नकारात्मक धारणा व्यक्त नगरी छोटो प्रस्तुति गर्न लगाउने,
- नेतृत्व गर्न चाहने सदस्यहरूबीच मात्र छलफल गराई सहमति गराउने,
- नेतृत्वलाई चक्रीय नेतृत्व प्रणालीमा परिवर्तन गर्ने,
- नेतृत्व गर्न चाहनेहरूबीच विभिन्न समिति बनाई उक्त समितिको जिम्मेवारी प्रदान गर्ने,
- माथि उल्लिखित तरिकाबाट विवाद समाधान नभएमा नेतृत्वका लागि सदस्यहरूमाझ मतदान गराउने। यसरी मतदान गराउादा प्रचार-प्रसार गर्न नपाउने व्यवस्था गर्ने।

ख) बाल सञ्जालहरूको गठन

१. बाल क्लबहरूबीच आपसी समन्वय, सहकार्य बढाउने तथा सवालहरूको सामूहिकीकरण गर्ने र एक-आपसबाट सिकाइका अवसर सिर्जना गर्न वडा स्तर र पालिका स्तरमा बाल क्लब सञ्जालको गठन गरिने छ,

२. बाल क्लब सञ्जाल प्रत्येक वडाहरूमा र पालिका स्तरमा एउटा-एउटा गठन गरिने छ,

३. वडा स्तरको बाल क्लब सञ्जाल गठन गर्नका लागि सम्बन्धित वडाभित्र गठन भएका समुदायस्तरीय बाल क्लब, विद्यालयस्तरीय बाल क्लब र विशिष्टिकृत बाल क्लबका प्रतिनिधिहरूको भेलाको आयोजना गरी समावेशिताका आधारमा गठन गरिने छ भने पालिकास्तरीय बाल क्लब सञ्जालको गठन गर्दा वडास्तरीय बाल क्लब सञ्जालको आम भेला गरी समावेशिताका आधारमा गठन गरिने छ,

४. यसरी भेला आयोजना गर्दा सञ्जालले समेट्ने क्षेत्रका (समुदाय, विद्यालय तथा विषयगत) बाल क्लबहरूलाई भेलाको मिति भन्दा ५ दिन अगावै सूचना प्रदान गरिनु पर्दछ। सूचनामा निम्न जानकारीहरू आवश्यक हुन्छ : भेलाको मिति, समय र स्थान। भेलामा छलफल हुने विषयहरू, भेलामा आमन्त्रण गरिएका प्रत्येक बाल क्लबको प्रतिनिधि संख्या (जातजाती, लैंिक पहिचानसमेत तय गरिएको भए सो समेत स्पष्ट गर्ने), भेलामा सहभागीका लागि उपलब्ध हुने सुविधा, भेलामा सहभागीका लागि उपलब्ध नहुने सुविधा लगायत अन्य।

५. बाल क्लबका प्रतिनिधिहरूले भेलामा सहभागी हुन निम्न कुराहरू अनिवार्य हुनेछः

- आफ्नो बाल क्लबमा छलफल गरी निर्णय गरेको हुनु पर्दछ,
- विद्यालयबाट भेलामा सहभागी हुन तथा सञ्जालको नेतृत्वमा प्रतिस्पर्धा गर्न सहमति दिइएको हुनु पर्दछ,
- समुदायमा आधारित बाल क्लबको हकमा भेलामा सहभागी हुन तथा नेतृत्वमा प्रतिस्पर्धा गर्न अभिभावकको सहमति,

६. सञ्जालको नेतृत्वको पुनर्गठन प्रत्येक १ वर्षमा गर्नुपर्दछ।

## ८. नेतृत्व चयनमा प्रतिस्पर्धा र सहकार्यको व्यवस्थापन

क) बाल क्लब सञ्जालको नेतृत्व चयनका सन्दर्भमा बालबालिका माझ अस्वस्थ प्रतिस्पर्धा हुनबाट रोक्नका लागि सकेसम्म चुनाव हुने अवस्था आउन दिनु हुादैन ।

ख) सम-क्षमताका प्रतिस्पर्धीहरूलाई सहमति गराई एक-आपसलाई स्वीकार्न सक्ने बनाउन

पहिलो प्रयत्न गर्नु पर्नेछ ।

ग) प्रतिस्पर्धी बालबालिकाहरूलाई चक्रीय नेतृत्व, संयोजन समूह वा उपसमितिहरूको गठनबाट पनि विभिन्न जिम्मेवारीहरू प्रदान गरी उनीहरूको भूमिका र सक्रियतालाई सहयोग गर्न सकिने छ ।

घ) बालबालिकामाझ हुने प्रतिस्पर्धालाई वयस्कहरूको प्रभाव र स्वार्थ तथा चाहना र प्रभावबाट मुक्त राखिनु पर्नेछ ।

ङ) सहमति नजुटेमा सहमतिका आधारमा चिट्ठा प्रणाली, पहिलो हुने निर्वाचित हुने चुनावको विधि अपनाउन सकिने छ ।

## ९. आबद्धता तथा सूचीकरण

क) समुदायमा तथा विद्यालयमा गठन भएका बाल क्लबहरू र वडास्तरीय बाल क्लब सञ्जाल गठन भएको १ महिनाभित्र आ ‍नो सम्बन्धित वडाको वडा बाल अधिकार समितिमा सूचीकृत हुनु पर्दछ ।

ख) बाल क्लब सूचीकरण हुदा नाम, उद्देश्य, कार्यसमितिको नाम, सहजकर्ताको नाम र सम्पर्क, आबद्ध निकाय खुलाइएको हुनु पर्दछ ।

ग) सूचीकृत बाल क्लबहरू हरेक वर्ष अद्यावधिक हुनु पर्दछ । यसरी अद्यावधिक हुदा अद्यावधिकताका लागि निवेदन, बाल क्लबको वार्षिक भेलाको उपस्थिति र विद्यमान कार्यसमितिको नामावली, सहजकर्ताको नाम, सम्पर्क र बाल क्लबले अघिल्लो वर्ष सम्पन्न गरेका कार्यक्रमहरूको सूची संलग्न गर्नु पर्दछ ।

घ) विद्यालयमा आधारित बाल क्लबले नवीकरण गर्दा सम्बन्धित विद्यालयको सिफारिस–पत्र पनि आवश्यक पर्दछ ।

ङ) बाल क्लबको नाम भेलाका सहभागी बालबालिकाहरूले आपसी सहमतिमा जुराउने छन् । बाल क्लबको नाम त्यसै क्षेत्रको अर्को बाल क्लबको नामसाग मिलेमा अर्को नाम राख्नु पर्नेछ ।

च) बाल क्लबको नामसाग कुनै पनि निजी वा गैससहरूले आ ‍नो नाम जोड्न हुदैन ।

छ) स्थानीय तहमा बाल क्लब सूचीकरण हुनुको अर्थ स्थानीय तहबाट आर्थिक वा अन्य स्रोत उपलब्ध हुने सुनिश्चितताता मानिने छैन ।

ज) बाल क्लबको सूचीकरण तथा नवीकरणका लागि सहजकर्ता निकाय, व्यक्तिले अनिवार्य उपस्थित भई प्रमाणित र सहमति गर्नु पर्नेछ ।

झ) सूचीकृत तथा नवीकरण भएका बाल क्लबको विवरण सम्बन्धित स्थानीय तहले बालबालिकाको स्थिति प्रकाशनसागै समावेश गरी प्रकाशन गर्नु पर्नेछ ।

## १०. सहजकर्ता संस्था, निकाय र व्यक्तिहरू

क) बाल क्लबको गठन र सञ्चालन वयस्क सहजकर्ता वा सहजकर्ता संस्थाको उपस्थितिमा गर्नु पर्नेछ ।

ख) प्रत्येक बाल क्लबको एक वयस्क सहजकर्ता वा सहजकर्ता संस्था हुन जरूरी हुन्छ ।

ग) सहजकर्ताले बाल क्लबको बैठक, योजना निर्माण, कार्यान्वयन तथा विषयगत छलफललाई सहजीकरण गर्ने, उनीहरूलाई सही र उपयुक्त उपायहरू सुझाउने तथा स्रोतसम्म उनीहरूको पहुाच बनाउन सहयोग गर्नु पर्नेछ ।

घ) बाल क्लबका गतिविधि र त्यसबाट उत्पन्न परिणाम प्रति सहजकर्ता व्यक्ति, संस्था वा निकायको पनि नैतिक जिम्मेवारी रहने छ ।

ङ) सहजकर्ताको छनोट प्रक्रियामा बाल क्लबको सहमति र स्वीकार्यता अनिवार्य रहने छ

## ११. वयस्क सहजकर्ताको चयन

क) प्रत्येक बाल क्लबको वयस्क सहजकर्ता अनिवार्य हुनु पर्नेछ ।

ख) वयस्क सहजकर्ता बाल क्लब गठन गर्न सहयोग गर्ने संस्था वा स्थानीय तहले नियुक्त गर्नेछ ।



खण्ड ६ (संख्या १६) चैत्र २६२२ गते २०८०

ग) वयस्क सहजकर्ताले सहजीकरण गरेबापत बाल क्लबसाग कुनै पारिश्रमिक लिन हुदैन । तर सहयोगी संस्था वा स्थानीय तहले निश्चित पारिश्रमिक वा प्रोत्साहन भत्ता उपलब्ध गराउन सक्नेछ ।

घ) वयस्क सहजकर्ता न्यूनतम १२ कक्षा उत्तीर्ण तथा १९ देखि ४५ वर्ष उमेर समूहको व्यक्ति हुनेछ ।

ङ) विद्यालयमा आधारित बाल क्लबको सहजकर्ता शिक्षकहरूमध्येबाट, समुदायमा आधारित बाल क्लबको सहजकर्ता स्थानीय बाल संरक्षण समिति वा बालमैत्री स्थानीय शासन समन्वय समितिका सदस्य वा संस्थाको तर्फबाट तोक्न सकिने छ ।

च) सहयोगी संस्था वा विद्यालयले नियुक्त गरेको अवस्थामा बाहेक वयस्क सहजकर्ता स्थानीय व्यक्ति हुनु पर्नेछ ।

छ) बाल क्लबको सहजकर्ता हुनका लागि निम्न योग्यता भएको व्यक्ति हुनु पर्दछ :

- ■ बाल क्लबको पूर्वसदस्य भएकालाई प्राथमिकता दिइनु पर्नेछ ।
- ■ बाल अधिकारबारे जानकार, सचेत, संवेदनशिल तथा तालिम प्राप्त ।
- ■ बालमैत्री व्यवहारबारे सचेत र अभ्यस्त ।
- ■ बालबालिकाप्रति सकारात्मक धारणा राख्ने ।
- ■ बालबालिका विरूद्ध कुनै पनि हिंसा नगर्न प्रतिबद्व ।
- ■ कुनै पनि राजनीतिक दल वा राजनीतिक स[illegible]ठनको सक्रिय जिम्मेवारीमा नरहेको ।
- ■ फौजदारी अपराधमा संलग्न नभएको ।
- ■ स्थानीय समुदायमा बसोबास भएको ।
- ■ मदिरा, सुर्ती, चुरोट, लागू औषधको अम्मल नभएको व्यक्ति ।

## १२. वयस्क सहजकर्ताको भूमिका र सीमितता

क) स्थानीय वयस्क सहजकर्ता बाल अधिकारप्रति प्रतिबद्व, स्वयंसेवी भावनाको र माथि १३ (७) मा उल्लेख गरिएको योग्यता भएको व्यक्ति हुनु पर्दछ ।

ख) वयस्क सहजकर्ताले बाल क्लबमा निम्न भूमिकाहरू निर्वाह गर्नु पर्दछ :

- ■ बाल क्लबको बैठक, कार्यक्रम योजना निर्माण तथा कार्यान्वयनमा सहजीकरण गर्ने ।
- ■ बाल क्लबलाई स्थानीय सरोकारवाला निकायहरूसाग सम्पर्क, सम्बन्ध विस्तार गर्न सहजीकरण गर्ने ।
- ■ बाल क्लबले गर्ने कार्यक्रमहरूका लागि स्थानीय स्रोतहरू जुटाउन सहयोग गर्ने ।
- ■ बाल क्लबका सामग्रीहरूको उपयुक्त प्रयोग भए–नभएको अनुगमन गर्ने र सम्पत्तिको संरक्षण गर्ने ।
- ■ बाल क्लबका सदस्यमाझ आएका विवादहरूको समाधान गर्न सहयोग गर्ने ।
- ■ बाल क्लब र स्थानीय समुदायबीच तनाव उत्पन्न भएमा त्यसको समाधानका लागि सहजीकरण गर्ने ।
- ■ बाल क्लबलाई बाल अधिकार लगायतका स्थानीय विकासका सवाल सम्बन्धी सूचना सामग्रीहरू उपलब्ध गराउन पहल गर्ने ।
- ■ आवश्यकता अनुसार बाल अधिकार, बाल सहभागिता, बाल क्लब सहजीकरणका प्रशिक्षण, गोष्ठी तथा तालिमहरूमा सहभागी हुने ।
- ■ बाल क्लबका सदस्य आ ‍नो समुदायबाहिर अन्य कुनै कार्यक्रममा सहभागी हुनु परेमा वयस्क संरक्षकको भूमिका निभाउने ।

ग) वयस्क सहजकर्ताले बाल क्लबको सहजीकरण गर्दा निम्न कार्यहरू गर्न हुदैन :

- ■ बाल क्लबको बैठक तथा छलफल आफैंले सञ्चालन गर्ने ।
- ■ बाल क्लबको योजना आफैंले बनाउने, निर्णयहरू आफैंले गर्ने र सदस्यहरूलाई निर्णयमा सहमत मात्र गराउने ।

■ बाल क्लबलाई कुनै निश्चित निर्णय गर्न लगाउने वा निश्चित विषयमा आˆनो धारणा लाद्ने ।
■ बाल क्लबका तर्फबाट निर्णायक तह तथा संयन्त्रहरूमा प्रतिनिधित्व गर्ने ।
■ बाल क्लबका सदस्यहरूलाई हप्काउने, हिंसा, दुर्व्यवहार गर्ने वा धम्की दिने ।
■ बाल क्लबका सदस्यहरूमाफ जात, धर्म, लैङ्गिक पहिचान, उमेर, शारीरिक तथा आर्थिक हैसियत लगायत कुनै पनि आधारमा भेदभाव गर्ने ।
■ बाल क्लबका सम्पत्ति, बचत रकमहरू जथाभावी प्रयोग गर्ने वा व्यक्तिगत हितमा उपयोग गर्ने ।
■ बाल क्लबका सदस्यहरूलाई एक-अर्काविरूद्ध भड्काउने, कुनै निश्चित व्यक्ति, जाती, समूह, सम्प्रदाय, दल तथा संगठनको पक्ष वा विपक्षमा उभिन तथा गतिविधि गर्न लगाउने ।
■ बाल क्लबका सदस्यहरूलाई हिंसात्मक गतिविधि, सार्वजनिक धनजनमा क्षति पुग्ने गतिविधि तथा अलोकतान्त्रिक र घृणा फैलाउने कार्य गर्न प्रोत्साहित गर्ने ।
■ बाल क्लबका सदस्यहरूको उचित सुरक्षाको सुनिश्चितताता नगरी समुदायबाट बाहिर पठाउने वा कार्यक्रमहरूमा संलग्न गराउने ।

घ) सहजकर्ताले माथि उल्लेख भए अनुसारको व्यवहार तथा गतिविधि गरेको भन्ने शंका लाग्ने जो-कोहीले पनि आवश्यक प्रमाणसहित सम्बन्धित स्थानीय तह वा सहयोगी संस्था वा विद्यालयमा उजुरी दिन सक्नेछ ।

ङ) सहजकर्ताविरूद्ध परेको उजुरी र गुनासोको छानबिन गरी दोषी पाइएमा सम्बन्धित सहजकर्तालाई नसिहत दिने, सहजकर्ताबाट हटाउने वा आगामी निश्चित अवधिसम्मका लागि सहजकर्ता बन्न नसक्ने गरी पद⁄भूमिकाबाट हटाउने निर्णय नियुक्त गर्ने संस्थाले गर्न सक्नेछ ।

च) उजुरीको छानबिन तथा निर्णयक्रममा सम्बन्धित सहजकर्तालाई आफ्नो भनाइ र स्पष्टीकरण राख्ने अवसरबाट वञ्चित गरिने छैन ।

**१३. नियमित बैठक तथा छलफलका विषयहरू**

क) बाल क्लबको बैठकको आयोजना विद्यालय बन्द भएको समयमा र दिनको समयमा सबै सहभागीहरूका लागि पहाचका दृष्टिकोणले उपयुक्त स्थानमा मात्र आयोजना गरिनु पर्नेछ ।

ख) बाल क्लबको बैठकमा वयस्क सहजकर्ताको उपस्थिति हुनु पर्नेछ ।

ग) बाल क्लबको बैठक अधिकतम २ घण्टाभन्दा बढी समय बस्नु हुदैन ।

घ) बाल क्लबको बैठकको बैठक पुस्तिका (माइन्युट) उतार गरी राख्नु पर्नेछ ।

ङ) बाल क्लबको बैठकमा सामान्यताया निम्न प्रस्तावहरूमा छलफल हुने सक्नेछ :

■ अघिल्लो बैठकपछि भएका कार्यक्रम तथा प्रगतिहरूको समीक्षा,
■ बाल क्लबका बारेमा सदस्य तथा अन्य बालबालिका र व्यक्तिहरूको धारणा,
■ स्थानीय बाल अधिकारको सवाल र गर्नुपर्ने गतिविधि,
■ आगामी कार्यक्रमको तय, जिम्मेवारी विभाजन र स्रोत सक्तलन ।

**१४. कार्यक्रम योजना निर्माण**

क) बाल क्लबको बैठक तथा वार्षिक भेलाले कार्यक्रम योजना निर्माण गर्नु पर्दछ । यसरी योजना निर्माण गर्दा मासिक एउटा भन्दा धेरै गतिविधिहरू राख्नु हुदैन ।

ख) बाल क्लबको कार्यक्रम योजना निर्माण गर्दा स्थानीय पर्व, मौसम, खेतीपातीको क्यालेन्डर, विद्यालयको शैक्षिक क्यालेन्डरसाग नजुध्ने गरी बनाइनु पर्नेछ ।

ग) बाल क्लबको कार्यक्रम मूलत: निम्न विषयमा केन्द्रीत हुनु पर्दछ :

**बाल अधिकारको प्रचार-प्रसार :**



खण्ड ६ (संख्या १६) चैत्र २६२२ गते २०८०

बालबालिकाले स्थानीय तहमा गीत, कविता, खेल, कथा, वक्तृत्वकला, चित्रकला, भित्तेपत्रिका, सडक नाटक, रेडियो कार्यक्रम, पत्रपत्रिकामा लेख लेखेर आदिका माध्यमबाट बाल अधिकारका बारेमा प्रचारप्रसार गर्न सक्दछन् ।

**बाल अधिकार अनुगमन :**

बाल क्लबहरूले आˆनो क्षेत्रका विभिन्न स्थानीय तहमा गुनासो पेटिका राखेर, साथीहरूको समूह छलफल गरेर, आफ्नो विद्यालय तथा समुदायको अनुगमन भ्रमण गरेर बाल अधिकारको अवस्था के-कस्तो छ भनी अनुगमन गर्न सक्छन् । यसरी बाल क्लबले पत्ता लगाएका कुराहरू विद्यालय व्यवस्थापन समिति, नगरपालिका तथा वडा कार्यालय, नगर शिक्षा समिति, बाल अधिकार समिति वा सहयोगी संस्थासमक्ष आवश्यक कारवाहीका लागि प्रस्तुत गर्न सक्छन् ।

**सेवाका लागि सम्प्रेषण र सुझाव :**

बाल क्लबहरूले आˆनो समुदाय तथा विद्यालयमा हिंसा, शोषण, दुर्व्यवहार तथा शिक्षा स्वास्थ्यबाट वञ्चित भएका बालबालिका फेला परेमा वा त्यस्ता गुनासोहरू आएमा सेवा प्रदायक संस्थाहरूसाग सम्पर्क गरी सम्बन्धित बालबालिकालाई सेवाका लागि सिफारिस गर्न सक्दछन् । उनीहरूले त्यस्ता बालबालिकालाई सेवा प्रदायकहरूको सम्पर्क ठेगाना दिएर पनि सघाउन सक्छन् ।

**शैक्षिक तथा व्यक्तित्व विकासका कार्यक्रमहरू :**

बाल क्लबहरूले सदस्यहरूका लागि व्यक्तित्व विकास तथा शैक्षिक विकासका विभिन्न रचनात्मक गतिविधिहरू, खेलकुदका गतिविधिहरू, छोटो समयका विभिन्न सीप वा कलाका प्रशिक्षणहरू पनि चलाउन सक्छन् ।

**सामुदायिक स्वयंसेवा :**

बाल क्लबका १४ वर्षभन्दामाथि उमेरका बालबालिकाहरूले सुरक्षित ढले वयस्कहरूका साथमा सामुदायिक स्वयंसेवा पनि गर्न सक्छन् । यस्तो सामुदायिक स्वयं सेवा दैनिक ६ घण्टाभन्दा बढी हुनु हुादैन र लगातार ३ घण्टाभन्दा बढी हुनु हुादैन । सामुदायिक स्वयंसेवाका कार्यहरूमा बालबालिकाको नैतिक र भौतिक सुरक्षाको सुनिश्चितताता हुनु पर्दछ । प्रचलित कानून बमोजिम निकृष्ट वा जोखिमयुक्त बालश्रम तथा बालश्रम ठहरिने गतिविधिमा बालबालिकाले स्वयं सेवा गर्न सक्ने छैनन् ।

**निर्णय प्रक्रियालाई प्रभावित पार्ने :**

बाल क्लबहरूले सामूहिक रूपमा वा प्रतिनिधिमार्फत् बाल अधिकारका सरोकारहरूलाई स्थानीय योजना तथा नीतिहरूले सम्बोधन गराउनका लागि बाल भेला, अन्तर्क्रिया, बाल सुनुवाइ, प्रतिनिधि मण्डल भेटघाट जस्ता कार्यक्रमहरू आयोजना गर्न सक्छन् ।

**१५. बाल क्लबले सञ्चालन गर्ने कार्यक्रमहरूको सीमितता तल उल्लिखित ढंगले बाल क्लबले कार्यक्रमहरू सञ्चालन गर्न हुादैन :**

क) कुनै राजनीतिक दल वा उसको भातृ सठनको प्रत्यक्ष पक्षपोषण गर्ने ।

ख) समुदायको सार्वजनिक वा निजी सम्पत्ति तथा कसैको जीउ-ज्यानमाथि क्षति पुग्ने ।

ग) समुदायका निश्चित समूह, जाती वा पेशाकर्मीप्रति गलत भावना र दृष्टिकोण सम्प्रेषण गर्ने ।

घ) हिंसा र दुर्व्यवहार पीडित तथा प्रभावित बालबालिकाको गोपनीयता भ हुने र पहिचान खुल्ने गतिविधिहरू ।

ङ) सांस्कृतिक कारण बाहेक रातको समयमा र आफ्नो विद्यालय वा समुदायभन्दा बाहिर गएर गरिने गतिविधि तथा कार्यक्रमहरू । तर, प्रतिस्पर्धा वा आयोजकहरूले उचित सुरक्षा प्रबन्ध गरेको अवस्थामा भने समुदाय वा विद्यालयभन्दा बाहिर गएर कार्यक्रम गर्न सकिन्छ ।

च) उचित सुरक्षाको प्रबन्ध र आवश्यक पूर्वअनुमति बेगर सहभागीहरू कसैको पनि जीउ-ज्यानमा खतरा पुग्ने साहसिक खेलहरू खेलाउन ।

छ) बाल क्लब कोष निर्माण वा आय आर्जनका लागि बालश्रम तथा कुनै पनि व्यापार, व्यवसायहरू ।

ज) वयस्कहरूको संस्था वा समूहले जस्तो सिङ्गा परियोजना सञ्चालन गर्ने वा अन्य धेरै ठूला र लामो समयका गतिविधिहरू गर्नु हुँदैन ।

झ) सामाजिक शान्ति सुव्यवस्था तथा सुरक्षामा नकारात्मक असर पर्ने देखिएमा बाल अधिकारकर्मी, स्थानीय बाल अधिकार समितिको परामर्शमा स्थानीय तह वा विद्यालयले निश्चित गतिविधिलाई रोक लगाउन सक्नेछ

**१६. सदस्यता वितरण र व्यवस्थापन,**

क) बाल क्लबले स्वतन्त्र रूपमा आफ्नो सदस्यता वितरण गर्न सक्छ । बाल क्लबको सदस्य हुन सोही विद्यालयको विद्यार्थी वा सोही समुदायमा बसोबास भएको बालबालिका नै हुनु पर्दछ ।

ख) कुनै बालबालिकाले सदस्य बन्न चाहेमा सामान्यतया बाल क्लबले सदस्य बनाउनु पर्दछ ।

ग) कुनै पनि बालबालिकालाई सदस्य बन्नका लागि दबाव दिन पाइने छैन ।

घ) सदस्य नभएकै कारण बाल क्लबले आयोजना गर्ने खुला र सार्वजनिक कार्यक्रममा कुनै बालबालिकालाई सहभागी नगराउन पाइने छैन ।

ङ) सदस्यहरूको अभिलेख बाल क्लबले आफ्नै रजिस्टरमा राख्न सक्नेछ । यसरी अभिलेख राख्दा निम्न कुराहरू उल्लेख हुनु पर्दछ : नाम थर, ठेगाना, उमेर, लैङ्गिक पहिचान, (विद्यालयमा भए कक्षा), अभिभावकको नाम, सम्पर्क फोन नम्बर, फोटो (उपलब्ध भएसम्म) ।

च) स्रोत-साधन भएको अवस्थामा बाल क्लबले सदस्यता-पत्र पनि वितरण गर्न सक्नेछ ।

**१७. प्रतिनिधित्व र सहभागिताको समान अवसरको व्यवस्थापन,**

क) बाल क्लबका सदस्यमाझ सबैले उपयुक्त अवसरहरू प्राप्त गर्न सक्ने र आफ्नो व्यक्तित्व विकास गर्ने समान अवसर प्राप्त गर्न सक्ने मान्यताा बाल क्लबको नेतृत्व गर्ने समूहले राख्नु पर्नेछ ।

ख) समान अवसर र प्रतिनिधित्वका लागि विषयगत समूहहरू बनाएर सोही अनुसार नियमित वा पालैपालो प्रतिनिधित्व र सहभागिताको अवसर दिन सकिने छ ।

ग) निरन्तर एकै व्यक्ति हुनुपर्ने वा आयोजक संस्था वा निकायले तोकेको अवस्थामा बाहेक सकेसम्म पालैपालो सबै सदस्यहरूलाई सहभागिताको अवसर दिनु पर्नेछ ।

घ) बाल क्लबको प्रतिनिधित्व गर्ने व्यक्तिले र कुनै कार्यक्रममा जानुअघि आफ्नो समूहका सदस्य र सहजकर्तासाग आफूले के-कस्ता सवाल उठाउने बारेमा छलफल र परामर्श गर्नु पर्नेछ ।

ङ) बाल क्लबका सदस्य कुनै कार्यक्रम वा बैठकमा सहभागी भएपछि आफ्नो समूहका सदस्यहरू र सहजकर्ताको बैठक राखी आफू सहभागी भएका कार्यक्रमका बारेमा जानकारी दिनु पर्नेछ । सकेसम्म एक पेजमा प्रतिवेदन लेखेर बाल क्लबको फाइल वा माइन्युटसागै राख्नु पर्नेछ ।

**सदस्यहरूबीचको विवादको समाधान**

सामान्यतया बाल क्लबमा उत्पन्न हुने विवादहरूलाई निम्न ढङ्गले समाधान गर्न सकिने छ :

क) बाल क्लबको योजना निर्माण लगायतका छलफलमा सबै सदस्यहरूलाई स्वतन्त्र र छोटो रूपमा आफ्नो विचार राख्न लगाउनु पर्दछ ।

ख) बाल क्लबको बैठक बस्ने छलफल गर्ने तथा नेतृत्व चयन प्रक्रियाका बारेमा आचारसंहिता निर्माण गर्नु



खण्ड ६ (संख्या १६) चैत्र २६२२ गते २०८०

पर्दछ ।

ग) बाल क्लबका सदस्यहरूमाझ कार्यक्रम आयोजना गर्ने सन्दर्भमा फरक प्रस्तावहरू प्राप्त भएमा, ती कार्यक्रमहरूको सूची बनाउने र सदस्यहरूलाई आपसी छलफल गरी कार्यक्रमहरूको प्राथमिकता छनोट गर्न लगाउने । कार्यक्रमको छनोट गर्दा निम्न कुराहरूका आधारमा गर्ने :

- बालबालिकाले रूचिकर मान्ने, सिर्जनात्मक, खेलकुद तथा बौद्धिक विकासका कार्यक्रमहरू पहिलो प्राथमिकतामा गर्ने ।
- बाल अधिकारको प्रचार-प्रसार हुने, अभिभावक, निर्णयकर्ताहरू तथा समुदायमाझ बालबालिकाको सरोकारहरू प्रस्तुत गरिने कार्यक्रमहरूलाई प्राथमिकतामा दिने ।
- बाल क्लबले गर्न नहुने भनेका कार्यक्रमहरू छनोट नगर्ने ।
- बाल क्लबलाई धेरै आर्थिक भार पर्ने तथा लामो समय लाग्ने कार्यक्रमहरू नगर्ने ।
- समुदाय र समुदायका अन्य संस्थाहरूसाग द्वन्द्व वा मनमुटाव हुन सक्ने कार्यक्रमहरू नगर्ने ।
- धेरै दिन विद्यालय शिक्षालाई असर पर्ने/कक्षा छोडेर तयारी गर्न पर्ने कार्यक्रमहरू नगर्ने ।
- अन्य बाल क्लब वा संस्थाले भर्खरै गरिसकेका समान किसिमका कार्यक्रमहरू भए त्यसलाई प्राथमिकतामा पछाडि राख्ने ।

घ) बाल क्लबका सदस्यहरूमाझ स्थानीय सरोकारका विषयमा फरक विचार वा धारणाहरू आएमा ती धारणाहरूलाई समावेश गरी साझा धारणा बनाउनु पर्दछ । यसका लागि निम्न कार्यहरू गर्न सकिने छ :

- सबै सदस्यहरूले सम्बन्धित विषयमा पालैपालो आफ्ना विचारहरू छोटकरीमा राख्नु पर्दछ । यसरी विचार राख्दा अरूको विचारलाई गलत भन्ने, होच्याउने वा सिधै नकार्ने गर्नु हुँदैन ।
- फरक-फरक धारणाहरूलाई समेटेर कुनै सदस्यले एकै धारणा प्रस्ताव गर्न लगाउने ।
- यदि नितान्त विपरीत धारणाहरू अएमा बाल क्लबको बैठकमा ती फरक धारणाहरूलाई र त्यसलाई समर्थन गर्ने सदस्य संख्या पनि लेख्ने । तर, बहुमत सदस्यहरूले व्यक्त गरेको धारणा अनुसार बाल क्लबले गतिविधि गर्नु पर्दछ ।

ङ) बाल क्लबका सदस्यहरूमाझ आर्थिक वा संगठन व्यवस्थापनका विषयमा विवाद भएमा :

- बाल क्लबका सदस्यहरूबीच नै विवादका विषयमा छलफल गरी आपसी सहमति सिर्जना गर्ने ।
- बाल क्लबका सदस्यहरूले उठाएको विवादको विषय र उनीहरूले दिएका तर्क तथा प्रमाणहरूको सूची बनाउने ।
- विद्यालयका प्रधानाध्यापक वा समुदायमा आधारित बाल क्लबको हकमा आबद्ध समितिका संयोजकले सम्बन्धित विवादको छानबिन गरी निर्णय प्रदान गर्ने ।

च) बाल क्लबभित्र आउने विवादको समाधान गर्ने बैठकमा वयस्क सहजकर्ता र आबद्ध समिति वा निकायका प्रमुखको अनिवार्य उपस्थिति हुनु पर्दछ ।

**आर्थिक व्यवस्थापन**

क) बाल क्लब र सञ्जालको आर्थिक स्रोत निम्न अनुसार हुन सक्ने छ : मासिक सदस्यता शुल्क, चन्दा तथा सहयोग, संस्थाहरूबाट प्राप्त हुने आर्थिक सहायता, विद्यालयबाट प्राप्त हुने आर्थिक सहायता, वडा तथा नगरपालिकाबाट प्राप्त हुने आर्थिक सहायता, स्थानीय समूह, निजी क्षेत्रहरूबाट प्राप्त हुने सहायता ।

ख) बाल क्लबले आर्थिक सहायताका निम्ति सामान्य निवेदन दिए पुग्छ । बाल क्लबका लागि ३ हजार रूपियााभन्दा बढीको सहयोग दिनु परेमा नगद प्रदान नगरी सोझै जिन्सी वा सेवा खरिद गरी सहयोग गर्नु पर्दछ ।

ग) बाल क्लबले आर्थिक फछ्र्यौट गर्दा उपलब्ध बिल-भर्पाइ र आय-व्ययको हस्तलिखित विवरण बुझाएर गर्न सक्नेछन् ।

घ) बाल क्लबलाई सोझै परियोजना वा अभियान सञ्चालन गर्नका लागि सम्झौता गरी रकम प्रदान गर्न

पाइने छैन ।

ङ) बाल क्लबले आ´नै विद्यालय वा समुदायमा आर्थिक सत्तलन गर्नका लागि बालअधिकार संरक्षण र प्रर्वद्नका निम्ति कार्यक्रमहरू आयोजना गर्न सक्नेछन्ह जस्तै- देउासीभैलो, सांस्कृतिक कार्यक्रम, खेल प्रतियोगिता आदि । यस्ता कार्यक्रम आयोजना हुादा आबद्ध निकायको स्वीकृति, सहजीकरण र सुपरिवेक्षण अनिवार्य रहने छ ।

च) बाल क्लबले सत्तलन गरेका रकम उनीहरूले आयोजना गर्ने बालमैत्री गतिविधिका निम्ति मात्र खर्च गर्नुपर्नेछ । यस्तो रकम छात्रवृत्तिका लागि, भौतिक पूर्वाधारहरूको निर्माण, मर्मत-सम्भारका लागि वा पीडित कसैलाई आपत्कालिन सहायता बापत सहयोग उपलब्ध गराउन खर्च गर्न हुादैन ।

छ) बाल क्लबको वार्षिक आय-व्यय विवरण सामान्य ढााचामा उल्लेख गरी राख्नु पर्नेछ । बाल क्लबले ठूलो रकमको गतिविधि गर्न परेमा सहजकर्ताले आर्थिक व्यवस्थापन र सहजीकरणमा सहयोग गर्नु पर्नेछ । यसरी व्यवस्थापन गर्दा आर्थिक हिसाबकिताब बाल क्लबबाट अनुमोदन गराउनु पर्नेछ ।

## २०. स्थानीय तहसागको सम्बन्ध र सहकार्य

क) सबै बाल क्लब र सञ्जालले आ´नो स्थानीय तह कार्यालयमा सूचीकरण तथा नवीकरण हुनु पर्नेछ ।

ख) स्थानीय तहले आ´नो क्षेत्रभित्रको बाल क्लबको विवरण अद्यावधिक गर्नेछ ।

ग) स्थानीय तहले आ´नो वार्षिक बजेट तथा कार्यक्रममा बाल क्लबका गतिविधि, बाल क्लब र सहजकर्ताको प्रशिक्षण तथा बाल क्लब प्रतिनिधिको परामर्श कार्यक्रमहरू स्पष्ट रूपमा उल्लेख गर्नु पर्नेछ ।

घ) बाल क्लबले स्थानीय तहसाग स्थानीय विकासमा बालबालिका सम्बन्धी योजना तथा कार्यक्रम, सुविधा र उपलब्धिहरूका बारेमा सूचना माग गर्ने, त्यस्ता जानकारीहरू प्रचारप्रसार गर्ने तथा कार्यक्रम र सुविधाहरूको बाल अनुगमन गर्न सक्नेछ ।

ङ) बाल क्लबले स्थानीय तहसाग आ´ना कार्यक्रमहरूका लागि आर्थिक सहायता तथा प्राविधिक र सामग्री सहयोगको माग गर्न सक्नेछ ।

च) बाल क्लबले हरेक वर्ष आफूले गरेका कार्यक्रमहरूको सूची र विवरण तोकिएको ढााचामा स्थानीय तहलाई उपलब्ध गराउनु पर्नेछ ।

## २१. बालबालिका सम्बन्धी स्थानीय समितिहरूसागको सम्बन्ध र सहकार्य,

क) स्थानीय तहमा वडा बाल अधिकार समिति, स्थानीय बालमैत्री शासन समिति, स्थानीय मानव बेचबिखन नियन्त्रण समिति, नगर शिक्षा समिति र स्थानीय विपत व्यवस्थापन तथा जोखिम न्यूनीकरण समिति, नगर स्वास्थ्य समिति र स्थानीय खानेपानी तथा सरसफाई समितिहरू बालबालिकासाग प्रत्यक्ष सरोकार राख्ने समितिहरू हुन् ।

ख) यी समितिहरूमा बाल क्लब वा सञ्जालका प्रतिनिधिहरू सदस्य वा पर्यवेक्षकका रूपमा सहभागी गराइनु पर्दछ ।

ग) यी समितिहरूको वार्षिक कार्यक्रम तथा कार्ययोजनामा बाल परामर्श, बालबालिकाको क्षमता विकास, बाल क्लबसाग साझेदारीमा गरिने गतिविधिहरू तय गरिनु पर्दछ ।

घ) यी समितिहरूले बाल परामर्श तथा विभिन्न समयमा बाल क्लब तथा बालबालिकाबाट प्राप्त हुन आएका गुनासा र सुझावहरूलाई स्थानीय तहको योजना प्रक्रियामा पैरवी गर्नु पर्दछ ।

ङ) यी समितिहरूले बालबालिकाले सम्प्रेषण गरेका तत्काल सम्बोधन गर्नपर्ने समस्याहरूमा कारवाही गर्न सम्बन्धित निकायहरूमाझ समन्वय गर्ने कार्य गर्नु पर्दछ ।

च) यी समितिहरूले बाल क्लबका गतिविधिहरूलाई प्रोत्साहित गर्न उत्कृष्ट बाल क्लब पुरस्कार तथा सम्मानका कार्यक्रमहरू गर्न सक्छन् ।

## २२. विद्यालय व्यवस्थापन समिति,



खण्ड ६ (संख्या १६) चैत्र २६२२ गते २०८०

क) विद्यालयमा रहेका बाल क्लबहरू विद्यालय व्यवस्थापन समितिसाग आबद्ध हुनु पर्दछ ।

ख) विद्यालयको वार्षिक कार्यक्रम, बजेट तथा कार्ययोजनामा बालबालिकासाग परामर्श, बाल क्लबका गतिविधिलाई सहयोगका कार्यक्रमहरू उल्लेख गरिनु पर्दछ ।

ग) विद्यालय व्यवस्थापन समितिमा बाल क्लबका प्रतिनिधिलाई पर्यवेक्षकका रूपमा सहभागी गराइनु पर्दछ र बैठकहरूमा बालबालिकाका सरोकारहरू प्रस्तुत गर्न लगाउनु पर्दछ ।

घ) विद्यालय व्यवस्थापन समितिको बैठकमा छलफल हुने संवेदनशिल र विवाद सिर्जना हुन सक्ने विषयहरूह जस्तै- शिक्षक नियुक्ति र कारवाही, निर्माण ठेक्कापट्टा तथा अनियमितताका विवाद्हरूको छलफलमा बालबालिकालाई प्रत्यक्ष र निर्णायक सहभागी बनाइनु हुादैन ।

ङ) विद्यालयमा रहने शिक्षकको व्यावहारिक सीप तथा शैली, निर्माण गरिने भौतिक संरचनाका स्वरूप र गुणस्तरका विषयहरूमा भने बाल क्लबका सदस्य र सकेसम्म धेरै बालबालिकाको सुझाव सत्तलन गरिनु पर्दछ ।

## २३. अन्य संघ संस्था तथा तथा सेवा प्रदायक निकायहरू,

क) स्थानीय तहमा क्रियाशील विभिन्न संघ-संस्था तथा सेवा प्रदायक निकायहरूले बालबालिकाका प्रत्यक्ष प्रभावित हुने वा उनीहरू लक्षित कार्यक्रम, निर्णय तथा योजना प्रक्रियामा बाल क्लबका प्रतिनिधिहरूसाग परामर्श गर्नु पर्दछ ।

ख) संस्था तथा सेवा प्रदायक निकायहरूले बालबालिकाका लागि नि:शुल्क उपलब्ध सेवा सुविधा तथा कार्यक्रमहरूका बारेमा प्रचार-प्रसार गर्न, सेवाका लागि सम्प्रेषण गर्न तथा सेवा, सुविधा तथा कार्यक्रमहरूको प्रभावकारिताको अनुगमन गर्न बाल क्लबसाग सहकार्य गर्न सक्छन् ।

ग) सेवा प्रदायक निकायहरूले बाल क्लबका सदस्य तथा बाल क्लबसाग सहकार्य र परामर्श कार्यहरू गर्दा उनीहरूको नियमित शिक्षालाई नकारात्मक प्रभाव पार्न र सकेसम्म विद्यालय समयमा असर पार्न हुादैन ।

घ) सेवा प्रदायकका निकायहरूले बाल क्लबका सदस्यहरूलाई अनिवार्य सहभागिताको नियम लागू गर्न हुादैन ।

ङ) सेवा प्रदायकका निकायहरूले बालबालिकालाई जोखिमपूर्ण हुने विवादित विषय, फौजदारी अपराधका उजुरी लगायतका विषयमा छलफल गर्न वा उनीहरूको राय वा निष्कर्ष माग्न र त्यस्ता क्षेत्रमा काममा लगाउन हुादैन । तर न्यायिक प्रक्रियामा प्रभावित बालबालिकासाग गरिने परामर्श भने गर्न सकिन्छ ।

च) सेवा प्रदायक निकायहरूले बालबालिका सहभागी भएर गरिएका सामुदायिक कार्यबापत भत्ता वा ज्याला प्रदान गर्ने कार्य गर्न हुदैन ।

## योजना तर्जुमा प्रक्रियामा बाल क्लब प्रतिनिधित्वको व्यवस्था

क) स्थानीय तहबाट हुने योजना निर्माण प्रक्रियामा बाल क्लबको प्रतिनिधित्व र सहभागिता अनिवार्य हुनेछ ।

ख) बस्ती तथा वडा स्तरमा हुने योजना छलफलमा सहभागी हुन बाल क्लबका सदस्य वा प्रतिनिधिहरूलाई निमन्त्रणा गरिने छ । भेलामा उनीहरूको सरोकार राख्न निश्चित समय प्रदान गरिने छ ।

ग) वडा स्तर, नगरपालिका स्तरमा तोकिएको प्रक्रियामा बाल भेलाको आयोजना गरी स्थानीय योजना निर्माणका लागि बालबालिकाको परामर्श गरिनु पर्नेछ ।

घ) योजना निर्माण तथा बजेट विनियोजनमा बाल क्लबलाई बालबालिकाका निम्ति छुट्याइएको कार्यक्रम तथा बजेटबारे छुट्टै सार्वजनिक सूचना जारी गरिनु पर्नेछ । यस्तो जानकारी सरल भाषामा उपलब्ध गराइनु पर्नेछ ।

## २५. बाल क्लबको विघटन

बाल क्लब निम्न अवस्थामा विघटन भएको मानिने छ :

क) बाल क्लब निरन्तर २ वर्षसम्म अद्यावधिक नभएमा । अद्यावधिक नभएका बाल क्लबलाई विघटन गर्नुअघि ३ महिनाको समय राखी अद्यावधिक गर्नका लागि सूचित गरिने छ ।
ख) बाल क्लबका बहुमत सदस्यहरूले बाल क्लब विघटन गर्ने निर्णय गरेमा ।
ग) विद्यालयले उपयुक्त कारण खुलाएर विद्यालयमा आधारित बाल क्लब विघटन गर्न सिफारिस गरेमा ।
घ) आबद्ध स्थानीय तह, संस्था वा समूहले उपयुक्त कारण देखाई बाल क्लब विघटन गर्न सिफारिस गरेमा ।
ङ) माथि ३ र ४ अनुसार विघटन हुनुपूर्व सार्वजनिक सूचना र बाल क्लबका सदस्यहरूसाग छलफल गरिने छ।
च) विघटन भएको बाल क्लब स्थानीय तहको सूचीकरणबाट स्वतः खारेज हुनेछ ।
छ) विघटन भएको बाल क्लबका सम्पत्ति तथा दस्तावेजहरू सम्बन्धित विद्यालय वा स्थानीय तहले जिम्मामा लिने छ र अर्को बाल क्लब गठन प्रयोजनका लागि प्रयोग गर्न सकिने छ ।

**२६. बाल क्लबभित्र दलगत राजनीतिक प्रभावलाई न्यूनीकरण गर्ने,**

क) बाल क्लबका सदस्यहरू तथा वयस्क सहजकर्ता कुनै पनि राजनीतिक दल वा दलका भातृ संगठनको नेतृत्वमा नरहेको व्यक्ति हुनु पर्दछ ।
ख) बाल क्लबले विभिन्न राजनीतिक दलहरूसाग बाल अधिकार प्रवर्द्धन र संरक्षणका विषयमा खुला अन्तर्क्रिया तथा छलफल आयोजना गर्न सक्छन् ।
ग) बाल क्लबले कुनै एक राजनीतिक दल वा समूहसाग मात्र संयुक्त कार्यक्रमहरू आयोजना गर्न हादैन ।
घ) बाल क्लबले सार्वजनिक पदमा निर्वाचित वा नियुक्त राजनीतिक व्यक्तिबाहेक अन्य राजनीतिक दलका प्रतिनिधि वा व्यक्तिलाई कार्यक्रममा प्रमुख अतिथि, अतिथि वा स्रोत व्यक्ति बनाउन हादैन ।
ङ) बाल क्लबले कुनै एक राजनीतिक दलको मात्र पक्ष वा विपक्षमा हुने गरी कार्यक्रम तथा गतिविधिहरू सञ्चालन गर्न हादैन ।
च) बाल क्लबले राजनीतिक दल वा भातृ संगठनका बारेमा विशेष जानकारी दिन वा उसको सदस्य बन्न प्रेरित गर्न कार्यक्रम तथा गतिविधिहरू गर्न हादैन ।

**२७. बाल क्लब र सञ्जालभित्र सदभाव, सद्व्यवहार र सुरक्षित अभ्यास प्रवर्द्धन गर्ने,**

क) बाल क्लबले आˆनो संगठन निर्माण, व्यवस्थापन तथा कार्य प्रक्रियाका सम्बन्धमा आचारसंहिता निर्माण गर्नु पर्दछ ।
ख) बाल क्लब तथा यसका सदस्यहरूले सामाजिक कुरीति, भेदभावको अभ्यास र गलत प्रचलनहरूका पक्षमा नबोल्न र त्यस्ता अभ्यासहरू नगर्न सदस्यहरूलाई प्रशिक्षित गरिनु पर्दछ ।
ग) बाल क्लबका सदस्यहरूलाई सबै धर्म, जाती र समुदायबीच सम्मान गर्न, उनीहरूको असल संस्कृति र अभ्यासहरूका बारेमा बुझ्न विभिन्न समयमा विविध सांस्कृतिक कार्यक्रमहरू आयोजना गर्न सकिन्छ ।
घ) बाल क्लबको नेतृत्वमा समुदाय वा विद्यालयमा रहेका विभिन्न समुदायको प्रतिनिधित्व हुन सक्ने व्यवस्था गरिनु पर्दछ ।
ङ) बाल क्लबको बैठकमा संस्कृति छलफलका प्रस्ताव नै बनाएर नियमित रूपमा सदस्यहरूले पालैपालो आफ्नो धर्म, संस्कृतिका बारेमा र असल कुराहरूका बारेमा प्रस्तुति र छलफल गर्ने नियम बनाउन पनि सकिन्छ ।

**२८. बाल क्लबका गतिविधिबारे साझा सुनुवाइको व्यवस्था गर्ने,**

क) कुनै पनि बाल क्लब गठन गरिनु अघि उक्त समुदाय तथा विद्यालयमा बाल क्लबको आवश्यकता, अवसर र सम्भावनाहरू बारे अभिभावक अनुशिक्षण आयोजना गरिनु पर्दछ ।



खण्ड ६ (संख्या १६) चैत्र २६२२ गते २०८०

ख) बाल क्लबले आयोजना गर्ने सबै गतिविधिहरूलाई बालबालिका तथा समुदायले रूचिकर नमान्न पनि सक्छन् । त्यसैले बाल क्लबको गतिविधिहरूका बारेमा गुनासो र प्रतिक्रिया दिने व्यवस्था गरिनु पर्दछ । आएका सुझावहरूलाई सहजकर्ता र बाल क्लबका प्रतिनिधिहरू बसी उक्त सुझावका आधारमा बाल क्लबका गतिविधिहरूमा सुधार गरिनु पर्दछ ।
ग) सुझाव वा गुनासाको मात्रै आधारमा बाल क्लब विघटन गर्ने वा बाल क्लबका गतिविधिहरूलाई निषेध गर्ने वा रोक्ने कार्य गर्न हादैन ।
घ) विद्यालयमा आधारित बाल क्लबका गतिविधिहरूका बारेमा समुदाय तथा अभिभावकहरूले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वा प्रधानाध्यापकलाई प्रत्यक्ष भेटेर पनि सुझाव दिन सक्दछन् ।

**अनुसूचीहरू**

**अनुसूची १ : बाल क्लबको संरचनात्मक ढांचा**

बाल क्लबको संरचना २ तरिकाको हुन सक्नेछ ।
(क) बहुपदीय नेतृत्व : बाल क्लबमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सह–सचिव, कोषाध्यक्ष तथा विषयगत संयोजकहरू तय भएको नेतृत्व ।
(ख) चक्रीय नेतृत्वः बाल क्लबमा निश्चित संख्यामा कार्यसमिति सदस्य बन्ने । कार्यसमितिबाट एक अध्यक्ष र सचिव तोक्ने । अर्को बैठकमा कार्यसमिति सदस्य मध्येबाट नयाा अध्यक्ष र सचिव हुने र यही प्रक्रिया आगामी बैठकहरूमा दोहोरिदै जाने ।

**अनुसूची २ : बाल क्लबको नियम ढांचा**

क) बाल क्लबको परिचय
नाम :
ठेगाना :
सूचीकरण नम्बर :
ख) बाल क्लबको उद्देश्य र विषयहरू
- १.
- २.
- ३.
- ४.

ग) बाल क्लबको स–ठन
- १. सदस्य बन्ने तरिका
- २. नेतृत्व चुन्ने तरिका
- ३. विघटन हुने
- ४. सदस्य बन्न नपाउने व्यक्तिहरू
- ५. नेतृत्वमा चुनिन नपाउने व्यक्तिहरू

घ) बाल क्लबका सदस्यले पालना गर्नुपर्ने नियमहरू
- १. सदस्य भइसकेपछि पालना गर्ने नियमहरू
- २. नेतृत्वमा निर्वाचित भएपछि पालना गर्ने नियमहरू
- ३. बैठकमा पालना गर्ने नियमहरू
- ४. अन्य बाल क्लबका सदस्य, बालबालिका तथा निकायसाग व्यवहार गर्ने नियमहरू

ङ) बाल क्लबको आर्थिक स्रोत

१. सदस्यता शुल्क
२. नवीकरण शुल्क
३. अन्य सहायता र स्रोतहरू
४. पैसा जम्मा गरी राख्ने ठाउा
५. आम्दानी र खर्च विवरण कसले राख्ने

च) अन्य विषयहरू

**अनुसूची ३ : बाल क्लबका लागि आवश्यक आधारभूत सामग्रीहरू**

१. बाल क्लबको सामग्री राख्नका लागि बाक्सा वा दराज
२. माइन्युट कपी
३. कार्यक्रम विवरण लेख्ने कपी
४. बाल क्लबको नियम
५. बाल क्लबका अध्ययन सामग्रीहरू
६. बाल क्लबको आम्दानी र खर्च लेख्ने लेखा कापी
७. कलम
८. आवश्यकता अनुसार खेल, शैक्षिक तथा मनोरञ्जनमूलक सामग्रीहरू

**अनुसूची ४ : बाल क्लब कार्ययोजना फारम**

बाल क्लबको ठेगाना :
बाल क्लबको नाम :
वयस्क सहजकर्ताको नाम र सम्पर्क नं. :
सम्पर्क व्यक्तिको नाम र सम्पर्क फोन :
सूचीकरण नं. :.............................

| क.सं. | कार्यक्रमको नाम | कहाँ गर्ने | कहिले गर्ने | मुख्य जिम्मेवार | स्रोत व्यवस्था | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**अनुसूची ५ : बाल क्लब कार्य प्रगति विवरण फारम**

कार्यक्रम भएको स्थान
सहभागी संख्या
खर्च भएको रकम र स्रोत

**अनुसूची ६ : बाल क्लब बैठक माइन्युटको नमुना**

बाल क्लबको नाम : .................
बैठक संख्या :
बैठक मिति :
बैठक स्थान :
वयस्क सहजकर्ताको नाम :



खण्ड ६ (संख्या १६) चैत्र २६२२ गते २०८०

आज मिति ............मा ............. बाल क्लबको बैठक समूहका ...............को अध्यक्षतामा बस्यो। बैठकमा उपस्थित सदस्यहरूमाझ निम्न लिखित प्रस्तावहरू निर्णयार्थ पेस गरियो :

उपस्थिति
वयस्क सहजकर्ता :
आमन्त्रित (कोही भए) :
**बाल क्लबका सदस्य तथा पदाधिकारीहरू :**

प्रस्तावहरू
क)
ख)
ग)

निर्णयहरू
क)
ख)
ग)

**अनुसूची ७ : बाल क्लबका पदाधिकारीहरूका लागि नमुना आचारसंहिता**

√ कुनै पनि प्रकारको मद्यपान, धुमपान तथा सुर्तीजन्य पदार्थको सेवन नगर्ने ।
√ आफूलाई सधैा अध्ययनशील राख्दै हरेक क्रियाकलापहरूलाई फरक किसिमले गर्ने ।
√ २० वर्षको उमेरभन्दा कम उमेरमा वैवाहिक सम्बन्ध कायम नगर्ने एवम् अरूलाई पनि बालविवाह गर्न प्रोत्साहित नगर्ने ।
√ विद्यालयमा नियमित रूपमा जाने र विद्यालयमा पढाइ तथा अतिरिक्त क्रियाकलापहरूमा सक्रिय सहभागिता जनाउने ।
√ टुहुरा, अपाङ्गता भएका, असहाय आफ्ना साथीहरूलाई विशेष सहयोग गर्ने र उनीहरूसागको बालमैत्री व्यवहारलाई बढावा दिने ।
√ विद्यालय हातामा धुम्रपान, मद्यपान, सुर्तीजन्य पदार्थ तथा मादक पदार्थ सेवन नगर्न तथा विद्यालयको पढाइमा बाधा नपुऱ्याउन अभिभावकहरूलाई सहजीकरण गर्ने ।
√ विद्यालय तथा घरमा अनुशासित भएर आफूलाई प्रर्दशन गर्ने र फजुल समयलाई सिर्जनात्मक रूपमा प्रयोग गर्ने ।
√ वडा बाल अधिकार समिति, स्थानीय बाल अधिकार समिति, नगरपालिकाको बैठक, परिषद, विद्यालय व्यवस्थापन समिति र हरेक स्तरका हरेक निर्णय प्रक्रियामा पालैपालो गरेर सहभागिता जनाउने र बालबालिकाका समस्याहरू खुला रूपमा प्रस्तुत गर्ने ।
√ बालअधिकार सम्बन्धी अभियानमुखी क्रियाकलापहरू सञ्चालन गर्दा विभिन्न सहयोगी साझेदार निकायहरूसाग समन्वय र सहकार्य गर्ने ।
√ मोबाइल एवम् विद्युतीय उपकरणहरूको दुरूपयोग नगर्ने र सकभर विद्यालयमा मोबाइलको प्रयोग नगर्ने ।
√ आफ्नो अधिकारको माग गर्दा अरूको अधिकारको पनि ख्याल गर्ने ।
√ आफ्ना साथीहरूलाई जातीय वा लैङ्गिक हिसाबले भेदभाव नगर्ने ।
√ आफूभन्दा सानो उमेरका भाइ–बहिनीहरूलाई माया गर्ने र नहेप्ने ।

**अनुसूची ८ : बाल क्लब सूचीकृत प्रमाणपत्र**

नेपाल सरकार
चामुण्डाबिन्द्रासैनी नगरपालिका
वडा बाल अधिकार समिति
वडा नं. ......

**बालक्लब सूचीकृत-प्रमाणपत्र**

संयुक्त राष्ट्रसंघीय बालअधिकार महासन्धि १९८९ र नेपालको बालबालिका सम्बन्धी ऐन २०७५ को भावना अनुसार यस चामुण्डाबिन्द्रासैनी नगरपालिका वडा नं. ...., ............................./............................... विद्यालयमा रहेका बालबालिकाहरूले स्वतस्फूर्त रूपमा संगठित भई यस चामुण्डाबिन्द्रासैनी नगरपालिकाले स्वीकृत गरेको बाल क्लब गठन तथा सहजीकरण निर्देशिका २०८० बमोजिम बाल क्लब सञ्जाल गठन गरी सूचीकृत गर्नेका लागि दिएको निवेदनका आधारमा तपाई श्री ................................. बाल क्लब सञ्जाललाई तपसील अनुसार सक्तेत नं. कायम रहने गरी सूचीकृत भएको व्यहोरा सहित यो बाल क्लब सूचीकृत प्रमाण-पत्र प्रदान गरिएको छ।

यहांहरूको रचनात्मक र नेतृत्वदायी कार्यका लागि शुभकामना ।

सूचीकृत नं. ...........
बाल क्लबको प्रकार : .............. (समुदायमा आधारित/विद्यालयमा आधारित/सञ्जाल)
सूचीकृत मिति :
सूचीकृत गर्ने अधिकारी :
नाम :
पद :
निकाय :

आज्ञाले
श्याम बहादुर रावत
नि.प्रमुख प्रशासकीय अधिकृत



खण्ड ६ (संख्या १६) चैत्र २६२२ गते २०८०